(सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम तयार गरी सार्वजनिक गरिएको)

# स्वतः प्रकाशन
# (Proactive Disclosure)

## आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक (२०८२ श्रावण देखि आश्विन सम्म) अवधिमा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

लुम्बिनी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

## विषयसुची

१. स्वास्थ्य मन्त्रालयको स्वरूप र प्रकृति ........ २

२) मन्त्रालयको कार्यक्षेत्र ........ २

३) मन्त्रालयको संगठन संरचना तथा कर्मचारीको विवरण ........ ५

४. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ११

५. निर्णय गर्ने प्रकृया र अधिकारी ........ ११

६. सम्पादन गरेको प्रमुख कामको विवरण ........ ११


७. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद ........ १२

८. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था ........ १३

# १. स्वास्थ्य मन्त्रालयको स्वरूप र प्रकृति

संघीयता कार्यान्वयनसँगै प्रदेश मातहतका स्वास्थ्य क्षेत्रका संरचना तथा सेवा प्रणालीद्वारा गुणस्तरीय तथा सुलभ स्वास्थ्य सेवा प्रदान गर्नका लागि २०७४ सालमा सामाजिक विकास मन्त्रालय गठन भएको थियो । प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७८ अनुसार प्रदेशको स्वास्थ्य तथा जनसंख्या क्षेत्र हेर्ने छुट्टै मन्त्रालयको रुपमा स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण मन्त्रालय गठन भएकोमा प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७९ बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०७९ साउन १ गतेको निर्णयानुसार मन्त्रालयको नाम स्वास्थ्य मन्त्रालय रहेको छ।

## १.१ मन्त्रालय मातहतका निकायहरु




# २) मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७९मा तोकिय बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र निम्न अनुसार रहेको छः

१) स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक, नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

२) प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन

३) स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, संचालन अनुमति र नियमन

४) प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन

५) राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको संचालन अनुमति र नियमन

६) राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिंग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशाला संचालन अनुमति र नियमन

७) राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम व्यवस्थापन तथा नियमन

८) प्रदेशस्तरिय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकाश तथा व्यवस्थापन

९) औषधि निगरानी, औषधिको उचीत प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण

१०) खोप र परिवार नियोजन

११) संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन

१२) प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सुचना प्रणाली, स्वास्थ्य लेखा पद्दतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह

१३) प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन

१४) सुर्ती, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन

१५) स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागी औषधि तथा औसधिजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन

१६) सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम

१७) राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन


१८) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन

१९) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेश स्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन

२०) जनसंख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र संचालन क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसंग सम्पर्क र समन्वय

# ३) मन्त्रालयको संगठन संरचना तथा कर्मचारीको विवरण

### ३.१. संगठन संरचना



## ३.२. कर्मचारी विवरण

| क्र.सं. | नाम , थर | पद | महाशाखा, शाखा |
|---|---|---|---|
| १ | दुर्गा लक्ष्मी श्रेष्ठ | प्रदेश सचिव | |
| २ | नोद नारायण चौधरी | वरिष्ठ स्वास्थ्य शिक्षा प्रसाशक | चिकित्सा सेवा तथा अनुगमन महाशाखा |
| ३ | इश्वरी के.सी. | वरिष्ठ अस्पताल नर्सिङ प्रशासक | नर्सिङ तथा परिवार कल्याण महाशाखा |
| ४ | उमेश गौतम | जनस्वास्थ्य प्रसाशक | नीति तथा अनुगमन महाशाखा |
| ५ | सरोज भण्डारी | वरिष्ठ शाखा अधिकृत | प्रशासन शाखा |
| ६ | बजरंगी प्रसाद चौधरी | तथ्यांक अधिकृत | नर्सिंग तथा परिवार कल्याण महाशाखा |
| ७ | उमेश रावत | अधिकृत(लेखा) | आर्थिक प्रशासन शाखा |
| ८ | महेन्द्र भण्डारी | अधिकृत (कम्प्युटर) | प्रशासन शाखा |
| ९ | मनिषा थापा | अस्पताल नर्सिङ निरीक्षक | फाजिल |
| १० | ज्ञानेन्द्र ढकाल | नायब सुब्बा | प्रशासन शाखा |
| ११ | नरेन्द्रकुमार घर्तिमगर | नायब सुब्बा | प्रशासन शाखा |
| १२ | सागर आचार्य | फार्मेसी सहायक | चिकित्सा सेवा तथा अनुगमन महाशाखा |
| १३ | रोशन तिमिल्सिना | फार्मेसी सहायक | फाजिल |
| १४ | डा. शिशिर गिरी | होमिओप्याथिक चिकित्सक | आयुर्वेद तथा वैकल्पिक चिकित्सा महाशाखा |
| १५ | पुष्पा के.सी. | मेडिकल ल्याब टेकनोलोजिस्ट | चिकित्सा सेवा तथा अनुगमन महाशाखा |
| १६ | चाँदनी शर्मा | जनस्वास्थ्य अधिकृत | नीति, योजना तथा जनस्वास्थ्य महाशाखा |
| १७ | पदम बहादुर चौधरी | कार्यालय सहयोगी | श्रीमान सचिव ज्युको सचिवालय |
| १८ | बिमला ज्ञवाली | कार्यालय सहयोगी | माननीय मन्त्रीज्यूको सचिवालय |
| १९ | नितु ढुंगाना खनाल | कार्यालय सहयोगी | प्रसाशन महा/शाखा |
| २० | जीवन विश्वकर्मा | कार्यालय सहयोगी | प्रसाशन महा/शाखा |
| २१ | युवराज डाँगी | कार्यालय सहयोगी | प्रसाशन महा/शाखा |
| २२ | हरि प्रसाद ढकाल | हलुका सवारी चालक | प्रसाशन महा/शाखा |
| २३ | सुनिल हजाम | हलुका सवारी चालक | प्रसाशन महा/शाखा |
| २४ | कमल बन्जाडे | हलुका सवारी चालक | प्रसाशन महा/शाखा |
| २५ | राजकुमार परियार | हलुका सवारी चालक | प्रसाशन महा/शाखा |
| २६ | केशवराज पाण्डे | हलुका सवारी चालक | प्रसाशन महा/शाखा |

## ३.३. महाशाखाहरुको कार्य विवरण

**नीति, योजना तथा जनस्वास्थ्य महाशाखा**

- स्वास्थ्य सम्बन्धी प्रादेशिक अल्पकालिन तथा दिर्घकालिन नीति, रणनीति, योजना, निर्देशिका, मार्गदर्शन, प्रोटोकल तर्जुमा गर्ने।
- प्रदेशस्तरमा स्वास्थ्य सम्बन्धी नीति कार्यान्वयन, नीतिको मुल्याङकन र नीति विश्लेषण गर्ने।
- अनुगमन तथा मुल्याङ्कन सम्बन्धी नीति तथा अनुगमन मुल्याङ्कन खाका तर्जुमा गर्ने र लागु गर्ने।
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन गर्ने।
- प्रदेशस्तरमा स्वास्थ्य क्षेत्र मानव संसाधन सम्बन्धी दिर्घकालिन,मध्यकालिन तथा अल्पकालिन नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने।
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन गर्ने।
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन गर्ने।
- सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन गर्ने।
- स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र व्यवस्थापन, स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन गर्ने।
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम गर्ने, स्वास्थ्य प्रवर्धनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्ने, वातावरणीय स्वास्थ्य र पेशागत स्वास्थ्य सेवा सम्बन्धी नीतिगत तथा कार्यगत व्यवस्था गर्ने।
- राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने।
- अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने।
- मन्त्रालय र अन्तर्गत सरकारी गैर सरकारी, अर्ध सरकारी तथा समितिहरुबाट सन्चालित कार्यक्रमहरुको अनुगमन सम्बन्धी कार्यहरु गर्ने।
- कार्यक्रमहरुको तुलनात्मक विश्लेषण गरि मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता ल्याउनका लागि आयोजनालाई पृष्ठपोषण दिने।
- स्वास्थ्य सुचकहरुको बिकास गर्ने, प्रदेश स्तर तहबाट सञ्चालित कार्यक्रमहरुको आवधिक समिक्षा गर्न सहजिकरण गर्ने।
- प्रदेशस्तरमा नयाँ स्वास्थ्य कार्यक्रमहरुको पाइलट टेस्ट र कार्यगत अनुसन्धान गर्ने गराउने।

- स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न प्रादेशिक प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने, गुणस्तरीय र उपयोगी अनुसन्धानात्मक तथा शोधकार्यका लागि प्राज्ञीक तथा प्रबुद्ध वर्गको सहभागिताका लागि आवश्यक कार्य गर्ने।

**<u>चिकित्सा सेवा तथा अनुगमन महाशाखा</u>**

- प्रदेशस्तरमा आवश्यक पर्ने उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवाको व्यवस्थापन गर्ने।
- प्रदेशभित्र बिशेषज्ञ तथा बिशिष्टिकृत स्वास्थ्य सेवा सुदृढीकरणका लागि अल्पकालिन तथा दिर्घकालिन रणनीति, योजना ,निर्देशिका तर्जुमा गरि कार्यान्वयनमा सहजिकरण गर्ने।
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र नियमन गर्ने।
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने।
- राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने।
- औषधी निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण गर्ने।
- प्रदेशस्तरमा बिशेषज्ञ तथा बिशिष्टिकृत स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने।
- समयानुकुल सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह गर्ने।
- अस्पतालको मेशिनरी औजार तथा भौतिक व्यवस्था सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण र नियमन गर्ने ।

**<u>आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा महाशाखा</u>**

- प्रदेशस्तरमा आयुर्वेद तथा बैकल्पिक चिकित्सा अन्तरगत आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको रणनीति, योजना ,निर्देशिका, मार्गदर्शन, प्रोटोकल तर्जुमा गर्ने र कार्यान्वयनमा सहजिकरण गर्ने।
- आयूर्वेद तथा प्रदेशमा प्रचलित अन्य परम्परागत, प्राकृतिक चिकित्सा, योग लगायत बैकल्पिक चिकित्सा पद्धतिहरुको आधारभूत, बिशेषज्ञ तथा बिशिष्टिकृत स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गराउन सहजिकरण गर्ने।

- आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा अन्तरगत दीर्घ रोगहरुको रोकथाम र ब्यवस्थापनका लागि आवश्यक रणनीति, योजना, निर्देशिका तर्जुमा गर्ने र कार्यान्वयनमा सहयोग गर्ने।
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने।
- जडिबुटी संरक्षण, सम्बर्धन, प्रवर्धन र गुणस्तयी आयुर्वेद औषधी उत्पादन र नियमनका लागि आवश्यक प्रादेश स्तरको रणनीति, योजना, निर्देशिका तर्जुमा गर्ने र कार्यान्वयनमा सहजिकरण गर्ने।
- आयुर्वेद तथा बैकल्पिक चिकित्साका कार्यक्रमहरुको योजना तर्जुमा, समन्वय र सहजिकरण गर्ने।
- आयुर्वेद तथा बैकल्पिक चिकित्साका सेवा प्रवाह सम्बन्धी स्वास्थ्य सुचकहरुको बिकास गर्ने, समिक्षा गर्ने र सो सेवा प्रदायक संस्थाहरुको तथ्याङ्क अद्यावधिक गर्न सहजिकरण गर्ने।
- सरकारी तथा निजी संस्थाहरुबाट संचालित आयुर्वेद तथा वैकिल्पक स्थास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरुबाट प्रदान गर्ने सेवाको प्रभावकारिताको अनुगमन, निरीक्षण, स्वीकृति तथा आवश्यक मार्गदर्शन दिने।

**नर्सिङ्ग तथा परिवार कल्याण महाशाखा**

- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवामा समान पहँच स्थापित गर्न आवश्यक रणनीति तय गर्ने र कार्यान्वयनमा सहजिकरण गर्ने।
- प्रदेशस्तरमा एकद्वार संकट व्यवस्थापन सेवा, सामाजिक सुरक्षा इकाई, अपाङ्गता मैत्री स्वास्थ्य सेवा, जेष्ठ नागरिक स्वास्थ्य सेवाको केन्द्रको स्थापना र सुदृढीकरण गर्ने।
- स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने।
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन गर्ने।
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य तथा परिवार स्वास्थ्य कार्यक्रमहरूको योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।

- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने।
- जनसंख्या, बसाईँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
- लैङ्गिक अनुपातको अधारमा यथार्थ जनसंखिकिय विवरण अद्यावधिक गरी लक्षित उमेर, वर्ग, क्षेत्र र सामाजिक समूहमा व्यवस्थित परिवार स्वास्थ्य कार्यक्रमहरूको तर्जुमा गर्ने।
- स्वास्थ्य क्षेत्रका लागि बिभिन्न तहमा निर्माण गरिने नीति तथा कायर्क्रमहरुलाई जेसी संवेदनशिल बनाउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने।
- नर्सिङ्ग, सामाजिक सुरक्षा तथा जनसङ्ख्या व्यवस्थापन संग सम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने।

**<u>प्रशासन महाशाखा</u>**

- मन्त्रालयको सामान्य प्रशासन सम्वन्धी कार्य,
- आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य
- मन्त्रालय र मातहत निकायको चल अचम सम्पतिकको अभिलेख, व्यवस्थापन र संरक्षण सम्बन्धी कार्य
- मन्त्रालय र मातहत निकायको कार्य सम्पादन व्यवस्थापन सम्बन्धी कार्य
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसंग सम्बन्धित प्रशासनिक कार्य,
- मन्त्रालय र मातहत निकायमा कार्यरत कर्मचारीको मानव संशाधन विकास (Human Resources Development) सम्बन्धी कार्य,
- मन्त्रालय अन्तर्गतका सम्पूर्ण निकायहरुको भौतिक साधनहरुको अनुगमन, निरीक्षण सम्बन्धि कार्य,
- स्वदेश तथा विदेशमा संचालन हुने विभिन्न तालिम, गोष्ठी, अध्ययन, अध्ययन भ्रमण, सभा सम्मेलनमा कर्मचारी मनोनयन सम्बन्धि कार्य,
- कर्मचारीहरुको सरुवा, तहवृद्धि, अवकास, पदपुर्ति, दरवन्दी स्वीकृती सम्बन्धी कार्य,
- सुशासन तथा नागरिक वडापत्र बमोजिम कार्य भए नभएको अनुगमन सम्बन्धि कार्य,

- मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयको जनशक्ति विकास र कर्मचारी प्रशासन सम्वन्धी कार्य,
- प्रदेश कर्मचारी प्रशासन संग सम्बन्धित कानून बमोजिम मन्त्रालयले संचालन गर्न तोकिएका विभिन्न सेवा समूह सम्वन्धी पदहरुको कर्मचारी प्रशासन सम्वन्धी कार्य ।

## ४. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ४.१ दस्तुरः

- प्रचलित कानूनमा उल्लेख भएकोमा कानून बमोजिम र अन्य सेवाहरु निःशुल्क

### ४.२ अवधिः

- प्रचलित कानूनमा उल्लेख भएकोमा कानून बमोजिम र अन्य सेवाहरु नियमानुसार

## ५. निर्णय गर्ने प्रकृया र अधिकारी

### ५.१. प्रकृयाः

- कामको स्वरूप र प्रकृति अनुसार सम्बन्धित शाखा/महाशाखाले राय सहितको टिप्पणी पेश गरेपश्चात सचिव/माननीय मन्त्री स्तरीय निर्णय ।

### ५.२. अधिकारीः

- कामको स्वरूप र प्रकृति अनुसार सचिव र माननीय मन्त्री ।

## ६. सम्पादन गरेको प्रमुख कामको विवरण

- आ.व. २०८१/८२ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समिक्षा गरी राप्ती घोषणा पत्र जारि गरिएको ।

- कर्मचारीहरुको नियमित सरुवा
- निजि अस्पतालहरुको अनुगमन तथा नियमन
- विभिन्न कार्यक्रम संचालन मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन
- वित्तीय प्रगतिः

| विवरण | विनियोजित बजेट | | | खर्च (श्रावण -आश्विन २०८२) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| कार्यालय सञ्चालन तर्फ | १४०६५८५ | ११६५० | १४२६२३५ | ३०६६४० | ८६८ | ३०७५०८ | २१.८ | ४.४१७ | २१.५६ |
| सङ्घीय सशर्त कार्यक्रम तर्फ | ११०४६८४ | ९७७६५ | १२०२४४९ | ८३८५० | ४३९ | ८४२८९ | ७.५९ | ०.४४९ | ७.०१ |
| प्रदेश कार्यक्रम तर्फ | ८६९६३९ | १४५४६५० | २३२४२८९ | २६८१९ | ६०२९४२ | ६२९७६१ | ३.०८४ | ४१.४५ | २७.०९ |
| कुल जम्मा | ३३८०९०८ | १५७२०६५ | ४९५२९७३ | ४१७३०९ | ६०४२४९ | १०२१५५८ | १२.३४ | ३८.४४ | २०.६३ |

## ७. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद

| क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | दुर्गा लक्ष्मी श्रेष्ठ | प्रदेश सचिव | ९८५७०८२३०७ | प्रमुख |
| २ | नोद नारायण चौधरी | वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक | ९८५७८४६३०७ | प्रवक्ता |
| ३ | इश्वरी के.सी. | वरिष्ठ अस्पताल नर्सिङ प्रशासक | ९८४८०३४२६८ | गुनासो सुन्ने अधिकारी |
| ४ | उमेश गौतम | जनस्वास्थ्य प्रशासक | ९८५७८४९३०७ | सूचना अधिकारी |

# ८. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था

## ८.१. ऐनः

- प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन २०७६

## ८.२. नियमावली

- प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ (छैठौं संशोधन)
- अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० (पहिलो संशोधन)

## ८.३. निर्देशिका/कार्यविधि

- प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ (पहिलो संशोधन)
- स्वास्थ्य क्षेत्रमा सामुदायिक संस्थालाई पूँजिगत अनुदान वितरण निर्देशिका, २०७६
- विपन्न नागरिकको लागि दम तथा ब्रोन्काइटिस रोग उपचार आर्थिक सहुलियत निर्देशिका, २०७६
- प्रदेश स्वास्थ्य साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७८
- सिकल सेल तथा थालेसिमिया रोग रोकथाम तथा उपचार सम्बन्धी कार्यक्रम सञ्चालन निर्देशिका २०७८
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई एडभान्स तालिम कार्यविधि, २०७५
- प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७
- प्रदेश निःशुल्क रक्तसञ्चार कार्यविधि,२०७८
- सिकेलसेल, थालेसेमिया र हेमोफिलियाका बिरामीको परिवारलाई निःशुल्क बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- जेष्ठ तथा अति असक्त नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- आँखाको नानी निःशुल्क प्रत्यारोपण (कर्निया ट्रान्सप्लान्टेशन) शोध भर्ना सम्बन्धी कार्यविधि, २०८०
- प्रादेशिक अस्पताल तथा मेडिकल कलेजका बिशेषज्ञ चिकित्सक (परिचालन तथा सञ्चालन) कार्यविधि, २०७८
- विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधी, २०८१

## निति

- प्रदेश स्वास्थ्य नीति, २०७७